# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ मङ्सिर १५ गते

## आयोग मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका विषयमा सम्वेदनशील: अध्यक्ष

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले मानव बेचबिखन तथा ओसारपसारविरुद्ध आयोग नितान्त सम्वेदनशील रहेको बताउनुभएको छ ।

मानव बेचबिखन तथा ओसारपसारविरुद्ध कार्यरत सरोकारवाला गैरसरकारी संस्थाहरूसँग आयोगमा सोमबार आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष शर्माले यस्तो कुरा बताउनुभएको हो ।

उहाँले आफूहरू आयोगको छ वर्षीय रणनीतिक कार्ययोजना तयार पार्ने क्रममा रहेको जानकारी दिँदै साझेदार निकायहरूसँगको परामर्शमा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध कार्ययोजना बनाउने बताउनुभयो ।

सो अवसरमा आयोगका सदस्य मोहना अन्सारीले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका क्षेत्रमा असंख्य चुनौती रहेको चर्चा गर्दै सबै सरोकारवाला निकायहरूसँगको सहकार्य र समन्वयबाट विद्यमान चुनौतीसँग जुध्न सजिलो हुने धारणा अघि सार्नुभयो ।

सदस्य अन्सारीले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने दिशामा सरोकारवाला निकायहरूबाट प्राप्त सुझावहरू आयोगका लागि मागदर्शक हुने विचार राख्नुभयो ।

उहाँले बाह्य बेचविखन तथा ओसारपसारमा परेका महिलाहरूलाई उद्धार गर्न सरकारले तत्कालै प्रभावकारी पहल थाल्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

परामर्श कार्यक्रमका सहभागीहरू मानव बेचबिखन तथा ओसारपसारबाट पीडित भएकाहरूसँग सरकारी वकिल तथा प्रहरीले बयान लिने शैली मानव अधिकारमैत्री नभएको तथा यस्ता व्यक्तिप्रति सञ्चारमाध्यमहरू अझै पनि चाहे जति सम्वेदनशील नभएको बाह्य बेचविखन तथा ओसारपसारमा परेका महिलाहरूलाई उद्धार गर्ने नाममा सीमाना ल्याएर छोडिदिने बताउनुभयो ।

उहाँहरूले बाह्य बेचविखन तथा ओसारपसारमा परेका महिलाहरूलाई उद्धार गर्ने नाममा सीमाना ल्याएर छोडिदिने गरेको, उनीहरूको पुन:स्थापना र जीवनयापनका पर्याप्त पूर्वाधार तयार नभएको, शहरी क्षेत्रमा रहेका डान्स बार, मसाज पार्लर तथा रेष्टुराँमा कार्यरत महिलाहरू चौतर्फी शोषणमा परेको, कानुनमा भएको खोटका कारण मानव बेचबिखन तथा ओसारपसारमा लागेका व्यक्तिहरू कानुनी कारबाहीबाट सजिलै उम्कने गरेको जस्ता समस्याहरू अघि सार्नुभयो ।

कार्यक्रममा सहभागी सरोकारवालाहरूले मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका विद्यमान कानूनको परिभाषालाई नै पुन:विचार गर्नुपर्ने आवश्यकता पनि औंल्याउनुभएको थियो ।

वेदप्रसाद भट्टराई
कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org